## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः २१-२०७९/०८०

मिति २०८०/०३/०९ समय: दिनको २:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८०/०३/०९

वैठक संख्याः २१-२०७९/०८०

**प्रस्तावहरुः**

१. समीक्षा
२. बजेट स्वीकृत सम्बन्धमा
३. रकमान्तरण सम्बन्धमा
   क) पत्रपत्रिका
   ख) सहकारी संस्थाका कृषकलाई दुधमा नगद अनुदान सम्बन्धमा
४. स्टक प्रमाणित सम्बन्धमा
५. ठेक्का सम्बन्धमा
६. भुक्तानी सम्बन्धमा
७. आप्रवासन गणक पारिश्रमिक भुक्तानी सम्बन्धमा
८. भूमी तथ्यांक लगत संकलन तथा प्रविष्टि सम्बन्धमा
९. "घ" वर्ग इजाजत सम्बन्धमा
१०. गाईघाट सिंचाङ्ग सडक सफाई, मर्मत सम्बन्धमा
११. बज्रयोगिनी स्कुल पर्खाल मर्मत सम्बन्धमा
१२. सडक हेरालु - १ थप गर्ने सम्बन्धमा
१३. अध्ययन अवलोकन कार्यक्रम सम्बन्धमा
१४. नेपाल रेडक्रस देवघाट शाखालाई सहयोग सम्बन्धमा
१५. वेणी जुगेडी धार्मिक मार्गमा रिटेनिङ वाल लगाउने सम्बन्धमा
१६. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना स्विकृत सम्बन्धमा
१७. बान्दी सडक मर्मत सुधार तथा स्तरउन्नती सम्बन्धमा
१८. भलेनी सडकमा वर्षातको पानी ब्यवस्थापन सम्बन्धमा
१९. उत्कृष्ट विद्यार्थी १-१२ नगद प्रोत्साहन सम्बन्धमा

प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** आर्थिक वर्ष २०८०।०८१ को वार्षिक विकास कार्यक्रम तथा बजेट स्विकृत गरियो र मिति २०८०।०३।१० को गाउँ सभा अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** तपसिल अनुसारको बजेट रकमान्तरण गर्ने निर्णय गरियो ।

क) पदाधिकारी सुविधा/पारिश्रमिक शिर्षकबाट पत्रपत्रिका, सूचना, सञ्चार शिर्षकमा रु. ३,००,०००।- (अक्षरुपी तिन लाख रुपैयाँ मात्र) रकमान्तरण गरियो ।

ख) कर्मचारी पारिश्रमिक शिर्षकबाट रु. ४,००,०००।- (अक्षरुपी चार लाख रुपैयाँ मात्र) चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था लि. र गोहिटार (कृषि सहकारी) संस्थालाई कृषकलाई दुधमा प्रति अनुदान दिने गरी नगद अनुदान भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** कार्यालयबाट प्रकाशित सूचना अनुसार निवेदकहरुले नदीजन्य पदार्थको स्टक प्रमाणितको लागि निवेदन दिए अनुसार र अनुगमन समितिको सिफारिस तथा प्राविधिक नापजाँच अनुसार प्रक्रिया पुगेका तपसिल अनुसारको स्टक ( घाटगद्दी) प्रमाणित गरियो । साथै प्रमाणित स्टकको नदीजन्य पदार्थ बिक्री गर्न अनुमति दिने तथा स्टक प्रमाणित शुल्क प्रति घ.मी. रु. ३ (अक्षरुपी तिन रुपैयाँ मात्र) लिने तथा सेति भतेरी घाटमा उत्खनन भएको नदीजन्य पदार्थको वातावरण शुल्क वापत थप रु. १० शुल्क लिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | फर्म/ब्यक्तिको नाम | घाटगद्दी परिमाण | बुझाउनुपर्ने रकम |
|---|---|---|---|
| १. | पवन कन्स्ट्रक्सन | २२०४.३२ | रु. २८,६५६.१६।- |
| २. | सोयुङ्ग एण्ड सिवन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २,२७८.०० | रु. २९,६१४.००।- |
| ३. | कुवँर ब्रदर्श एण्ड निर्माण प्रा.लि. | २९९.०६ | रु. ३,८८७.७८।- |
| ४. | शदिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २५५.५० | रु. ३,३२१.५०।- |
| ५. | अजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ४४० | रु. ५,७२०.००।- |

**निर्णय नं. ५:** धिनाटार टाउन चोक कालोपत्रे (पिच) गाउँपालिका प्रशासकिय भवन र अस्पताल निर्माण आयोजनाको ठेक्काको कामको प्रगति समीक्षा गरियो ।

**निर्णय नं. ६:** वडा नं. ५ कालिका टोलमा देवघाट खेलकुद समितिले जग्गा भाडामा लिई खेल मैदान बनाउने क्रममा जग्गावालाहरुको साँध, सिमाना भत्काईएजोमा सो दुरुस्त बनाउन लागत इष्टिमेट अनुसारको रकम रु. १,७२,०२०।- (अक्षरुपी एक लाख बहत्तर हजार बिस रुपैयाँ मात्र) चालू भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ७:** सामी कार्यक्रम अन्तर्गत आप्रवासन गणकले आप्रवासन र अन्य तथयाङ्क संकलन गरेको कार्य सम्पन्न गरेको अवस्थामा प्रति गणक रु. ३०,०००।- (अक्षरुपी तिस हजार रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्न आवश्यक सहयोग गर्न, फर्म भर्न सहयोग गर्न वडा नं. ५ वडा कार्यालयको १ महिना काममा लगाएको एक जनालाई रु. २६,०००।- (अक्षरुपी छब्बिस हजार रुपैयाँ मात्र) भुक्तानी दिने, भूमि तथ्याङ्क प्रविष्टि गरेको प्रति फर्म रु. ६० (अक्षरुपी साठी रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** पटिहानी - ६, चितवनका कविता सुवेदीले काशिस बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. बाट देवघाट-५ ठेगाना ठेगाना राखी "घ" वर्गको निर्माण इजाजत पाउन निवेदन दिनु भएकोले काशिस बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** मिति २०८०।०३।०८ र ९ गतेको भारी वर्षाले गर्दा शालिग्राम कोरिडोर, गाईघाट सिंच्याङ-काफलडाँडा सडक र वडा नं. ३ सारङघाट, भृकुटी मार्ग बिग्रिएर सवारी साधन चल्न नसक्ने भएको र तत्काल मर्मत गर्नुपर्ने भएकोले विपद शिर्षकबाट लागत इष्टिमेट अनुसार मर्मत/सफाई गर्ने तथा मुल्यांकन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** वडा नं. ५ बज्रयोगिनी मा.वि. को पछाडी पर्खाल ढलेकोले लागत इष्टिमेट अनुसार मर्मत गर्ने र मुल्यांकन अनुसार भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२:** वडा नं. ५ मा एकजना सडक हेरालु थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** पत्राकार सहितको टोलि देवघाट गाउँपालिकाको पर्यटन लगायतका विकास निर्माण तथा भूगोल अध्ययन अवलोकन गर्न देवघाट गाउँपालिका विकासको अवस्था अध्ययन अवलोकन कार्यक्रम संचालन गर्ने र लाग्ने खर्च पत्रपत्रिका, सूचना, संचार शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** वडा नं. १ र ५ मा एम्बुलेन्स सेवा आवश्यक भएको, नेपाल रेडक्रस शाखा देवघाटमा एक एम्बुलेन्स भएको तर संचालन गर्न नसकेकोले रेडक्रस शाखा देवघाटलाई अर्को ब्यवस्था नभएसम्मको लागि एक ड्राइभर, ईन्धन उपलब्ध गराउने तथा मर्मत सम्भार पनि गाउँपालिकाबाट गर्ने तर आम्दानी र खर्चको हिसाब रेडक्रसले राख्ने नपुग्ने रकम मात्र गाउँपालिकाबाट ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** वेणी जुगेडी धार्मिक मार्ग - कुमार न्यौपानेको घर नजिकको रिटेनिङ वाल लगाउँदा इष्टिमेट तथा मूल्यांकन बमोजिमको रकम रु. २,३५,०००।- (अक्षरुपी दुई लाख पइतिस हजार रुपैयाँ मात्र) चालू/भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६:** देवघाट गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८० स्विकृत गरियो ।

**निर्णय नं. १७:** वडा नं. ५ बगन्दी जाने सडक बढी घुम्ति मोड भएकोले सुधार गर्न नयाँ ट्र्याक परिवर्तन गर्न तथा सोही सडक मर्मत सम्भार सुधार गर्न खर्च भएको रकम रु. ११,२८,०००।- (अक्षरुपी एघार लाख अठ्ठाइस हजार रुपैयाँ मात्र) मर्मत तथा चालू/पूँजीगत भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** इलाका प्रहरी कार्यालय देखि तल मेन रोड सम्मको (भलेनी खोल्सा) सडकमा दर्षातको पानी ब्यवस्थापन गर्न ह्युम पाइप र कच्ची नाला खन्ने र लाग्ने रकम मिल्दो जुल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** यस अधिको कार्यपालिका बैठकमा जे सुकै निर्णय गरिएतापनि उत्कृष्ट विद्यार्थी १-१२ छात्रवृत्ति प्रोत्साहन शिर्षकबाट देवघाट-२ आदर्श मा.वि., खाल्टेमा अध्ययन गरेकी देवघाट-३ को छात्रा उनीमाया थापालाई प्रोत्साहन स्वरुप नगद रु. ५०,०००।- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निल बहादुर थापा
अध्यक्ष